# ज्ञान उत्पादनका लागि शोध अनुसन्धान–वृत्तिसम्बन्धी सूचना

त्रिवि केन्द्रीय क्याम्पस कीर्तिपुरमा मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत एमए वा एमफिल तहमा अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीमध्येबाट जस्ट फ्युचर्स पहल (जेएफपी) र मानवशास्त्र केन्द्रीय विभागको संयोजनमा **ज्ञान उत्पादनका लागि शोध अनुसन्धान–वृत्ति**का लागि **दुई जना विद्यार्थी** छनौट गर्न यो सूचना प्रकाशित गरिएको छ।

## न्यूनतम योग्यताको मापदण्ड:

- जात–व्यवस्थासँग वर्ग वा लैंगिकता वा यौनिकताको अन्तरसम्बन्धमध्ये एक पक्षलाई अनुसन्धानको विषयवस्तु बनाएर शोध अनुसन्धान गर्नुपर्नेछ।
- आवेदक त्रिवि केन्द्रीय क्याम्पस कीर्तिपुरमा मानविकी तथा सामाजिक शास्त्र संकायका कुनै पनि विषयमा एमए वा एमफिल तहमा अध्ययनरत दलित विद्यार्थी हुनुपर्नेछ। दलित महिला विद्यार्थीलाई प्राथमिकता दिइनेछ।
- स्नातकोत्तर तहका विद्यार्थीहरू अन्तिम वर्षमा हुनुपर्छ।
- एमफिल तहका विद्यार्थीहरू कार्यक्रममा भर्ना भएको हुनुपर्छ।

## शोध अनुसन्धान–वृत्तिका लागि छानिएका विद्यार्थीको जिम्मेवारी तथा सुविधा:

- छनौटमा परेकाहरुमध्ये प्रतिविद्यार्थीलाई रु. १००,००० (एक लाख रुपैयाँ मात्र) अनुसन्धान–वृत्तिको रुपमा प्रदान गरिनेछ।
- वित्तीय सहायतासँगै अनुसन्धान र अध्ययनका लागि आवश्यक स्पेस जेएफपी सिकाइ केन्द्र (JFP Learning Center) मा उपलब्ध गराइनेछ।
- जस्ट फ्युचर्स पहलका विभिन्न सेमिनार र लेक्चर सिरिजमा उपस्थित हुने अवसर प्रदान गरिनेछ।

**आवेदनका लागि आवश्यक कागजातहरू:**

१. आफूले गर्ने वा गरिरहेको **शोध अनुसन्धानको संक्षिप्त खाका (Abstract)** बारे कम्तीमा पाँच सय शब्द लेखेर पठाउनुपर्नेछ।

२. **उत्प्रेरणाको पत्र** (Motivational Letter): आफ्नो परिचय, अनुसन्धानको संक्षिप्त वर्णन र उक्त विषयमा अनुसन्धान गर्ने प्रेरणाबारे अधिकतम २ पृष्ठ लेख्नुपर्नेछ।

३. **व्यक्तिगत विवरण** (CV/ Bio-Data/ Resume)।

४. **विद्यार्थी परिचयपत्र।**

५. **नागरिकता प्रमाणपत्र।**

६. **पार्सपोर्ट साइजको फोटो।**

**आवेदन कसरी बुझाउने:**

१. विद्यार्थीले सबै कागजातसहित आवेदन info@justfuturespahal.org, वा head@cda.tu.edu.np मा पठाउनुपर्नेछ। वा सिधै गुगल फर्म (लिंक: https://bit.ly/4lKq4fV) मा गएर आवेदन फारम भर्न सकिनेछ। अन्य माध्यमबाट पठाइएको आवेदन स्वीकार गरिने छैन।

२. आवश्यक कागजात नपुगेको अधुरो आवेदन स्वीकार गरिनेछैन।

**आवेदन बुझाउने अन्तिम म्याद:**

**६ भदौ २०८२ (August 22, 2025)** सम्म भित्र आवेदन पठाइसक्नुपर्नेछ। यस समयपछि बुझाइएको आवेदन स्वीकार गरिने छैन।

**जिज्ञासा वा थप जानकारीका लागि:** **head@cda.tu.edu.np**, **info@justfuturespahal.org** मा ईमेल गर्न सक्नुहुनेछ। WhatsApp नं. + **977-97-67351369** मा सम्पर्क गर्नुहोस्।

**अनुसन्धानको भाषा:**

विद्यार्थीले आफ्नो विश्वविद्यालय वा कलेजले निर्धारण गरेको भाषा वा आफ्नो रोजाइको भाषामा अनुसन्धान गर्न सक्नेछन्।

***नोट:** ज्ञान उत्पादनका लागि शोध अनुसन्धान–वृत्तिसम्बन्धी अन्य नियम छनौटमा परेका विद्यार्थीले पालना गर्नुपर्नेछ। सबै आवश्यक कागजातसहित आवेदन प्राप्त भएपछि मूल्याङ्कन समितिले आवश्यक प्रक्रिया पूरा गरी योग्य विद्यार्थीहरूको छनोट गर्नेछ।

त्रिविवि, मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर

जस्ट फ्युचर्स पहल (जेएफपी), ललितपुर।